Sample Question Paper – 2025-26

विषय नेपाली (CODE – 124)

कक्षा – (XII)

Time Allowed-3Hrs                                        Full marks-80

- **General Instructions:**
- ✓ Read the questions carefully before writing the answer.
- ✓ There are two parts in this question, Part 1 and Part 2.
- ✓ MCQs are given in Part 1.
- ✓ Descriptive questions are given in Part 2.

| प्रश्न संख्या | भाग – एक<br>वस्तुपरक प्रश्नहरू (छन्द र अलङ्कार) | अंक |
|---|---|---|
| | **निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस् ।** | 12x1=12 |
| i | अलङ्कारको सामान्य ........ आभूषण वा गहना हो।<br>A. अङ्ग।<br>B. अङ्क।<br>C. अर्थ।<br>D. अङ्ग। | |
| ii | शब्दमा मात्र आश्रित अलङ्कारलाई के भनिन्छ ?<br>A. वर्ण अलङ्कार।<br>B. अर्थ अलङ्कार।<br>C. उभय अलङ्कार।<br>D. शब्द अलङ्कार। | |
| iii | भाषामा अलङ्कारले ....... शोभा बढ़ाउँछ ।<br>A. वर्णको।<br>B. अक्षरको।<br>C. काव्यको।<br>D. शब्दको। | |
| iv | उपमेयको चर्चा नगरी उपमानबाट नै उपमेयको बोध हुन्छ भने......हुन्छ।<br>A. उपमा अलङ्कार।<br>B. अनुप्रास अलङ्कार।<br>C. अतिशयोक्ति अलङ्कार।<br>D. शब्द अलङ्कार । | |
| v | कुन अलङ्कारमा एउटै शब्दमा अनेक अर्थ लुकेको हुन्छ ?<br>A. उपमा।<br>B. उपमान।<br>C. श्लेष।<br>D. अतिशयोक्ति। | |
| vi | तलको कुन वाक्यमा अतिशयोक्ति अलङ्कार प्रयोग भएको छ ? | |

| | | |
|---|---|---|
| | A. चन्द्रमालाई चन्द्रमा हेर्छिन् कौसी र आकाश ।<br>B. कमल झैं कोमल मुख।<br>C. श्रीरामका चरणमा भरमा नपर्नु ?<br>D. भाइको गाला गुलाब जस्तो रातो छ। | |
| **vii** | मात्रा वा वर्णको गन्ती गरेर यति, गति, लय मिलाएर रचेको काव्यको रूपलाई के भनिन्छ ?<br>A. अलङ्कार ।<br>B. छन्द ।<br>C. कथा।<br>D. निबन्ध। | |
| **viii** | चरणको अन्तिम वर्ण आवश्यकताअनुसार ........ हुनसक्छ ।<br>A. लघु<br>B. लघु-गुरु दुवै<br>C.ह्रस्व<br>D.गुरु | |
| **ix** | चारै चरणमा आठ-आठ अक्षर अनि सबै चरणमा पाँचौँ लघु छैटौँ गुरु भए कुन छन्द हुन्छ ?<br>A. तोटक छन्द।<br>B. शिखरिणी छन्द।<br>C. अनुष्टुप छन्द।<br>D. मात्रिक छन्द। | |
| **X** | ऽ ऽ ऽ भए ........... गण हुन्छ ।<br>A. भ।<br>B. स।<br>C. म।<br>D. य। | |
| **xi** | **“धन नै सबमा अति उच्च गनी**<br>**सब थोक यहाँ मन तुच्छ भनी,**<br>**धनमै सब बुद्धि विवेक गयो**<br>**यस कारण मानिस दुष्ट भयो।।”**<br>(झगड़ा – हरिप्रसाद रिजाल )<br>उक्त पंक्ति कुन छन्दमा रचिएको छ ?<br>A. तोटक।<br>B. शिखरिणी।<br>C. अनुष्टुप।<br>D. उपमा। | |
| **xii** | शिखरिणी छन्दमा कति अक्षरको एक चरण हुन्छ ?<br>A. बाह्र।<br>B. सत्र।<br>C. उन्नाइस।<br>D. आठ। | |

| | | |
|---|---|---|
| 2 | **निम्नलिखित काव्यांश राम्ररी पढ्नुहोस् अनि सोधिएका बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस्।** | 8x1=8 |
| | भारी बोकेर जाड़ाको टाढ़ाको बटुवा-सरी।<br>हिम-दन्तुर हेमन्त आयो मैलो-पना धरी॥<br><br>मैलो दुर्गुणको थैलो त्यो हेमन्त भयङ्कर।<br>देखेर डरले भागी शरद् बाला दिगन्तर॥<br><br>हेमन्त डाकिनी-तुल्य लोक ठाड़ै कठ्याउँछ।<br>झल्कने हिम-दाह्राले जो जो पायो अँठ्याउँछ।<br><br>घसी भस्म तुषाराको कुइराको लटा धरी।<br>धुम्मिये-को छ हेमन्त अवधूतै-बराबरी॥<br><br>अँठ्याउने हिमै चिम्टा मौकामा छन्छनाउँछ।<br>जहाँ पनी धुवाँधार धुनी घोर जगाउँछ।<br><br>परालको नलै मैला उसको छ बगम्बर।<br>माला कटकटाऽऽकार दन्तको फेर्छ सुन्दर॥<br><br>गेरु-रङ्गी फलाऽऽनम्र सुन्तला कीपका रुख।<br>फुस्रा हेमन्त बाबाका चेला झैँ छन् ति सम्मुख॥<br><br>नयनाऽऽनन्दका साथै रसनाऽऽनन्द-दायक।<br>फल अर्को कुनै छैन सुन्तला-तुल्य लायक॥<br><br>सुन्तला छन् फिलिङ्गा झैं फुस्स हुस्सू धुवाँ-सरी।<br>बिना आगो पनी झल्क्यो धुनीको दिव्य माधुरी॥<br><br>कुइरो बढ़्दै आयो शान्ति-शोभा सबै हरी।<br>जीवका मनमा मानू भोगको तिर्सना-सरी॥<br><br>बिहानी-पखको राती शीतको कुइरा-सित।<br>अनौठाको मित्यारी छ रुने हाँस्ने क्रमै-सित॥<br><br>छुट्टयाई औलको सीमा काँठो लागी वरी-परी।<br>पहिले कुइरो बस्छ तन्केको पगरी-सरी॥<br><br>त्यो देखी उसको मित्र शीत वैरिन थाल्दछ।<br>तत्कालै कुइरो सोझै फाँटमा फाल हाल्दछ। | |
| i | उक्त काव्यांश कुन खण्डकाव्यबाट उद्धृत गरिएको हो ? | |

| | | |
|---|---|---|
| | A. ऋतु संहार ।<br>B. ऋतु विचार ।<br>C. ऋतु राग ।<br>D. ऋतु वर्णन । | |
| **ii** | यस खण्डकाव्यका रचयिता को हुन् ?<br>A. आदिकवि भानुभक्त आचार्य।<br>B. महाकवि लक्ष्मीप्रसाद देवकोटा।<br>C.नाट्यसम्राट बालकृष्ण सम।<br>D.कविशिरोमणि लेखनाथ पौड्याल। | |
| **iii** | सुतलालाई कविले किन '**रसनाऽऽनन्द**' फल भनेका हुन् ?<br>A. चिसो भएकाले।<br>B. अमिलो भएकाले।<br>C. गुलियो भएकाले।<br>D. रसिलो भएकाले। | |
| **iv** | कविले हेमन्त ऋतुलाई केसँग तुलना गरेका छन् ?<br>A. सुखीसँग<br>B. सूर्यसँग<br>C. डाकिनीसँग<br>D. सज्जनसँग | |
| **v** | कविले केलाई कुइराको मित्र भनेका छन् ?<br>A. शीत<br>B. रुवा<br>C. पगरी<br>D. काँठो | |
| **vi** | **'बिहानी-पखको राती शीतको कुइरा-सित ।<br>अनौठाको मित्यारी छ रुने हाँस्ने क्रमै-सित।।'**<br>कविले यस पद्यांशबाट के भन्न खोजेका हुन ?<br>A. बिहानीपखमा कुइरो र शीत दुवै हुन्छ।<br>B. बिहानीपखमा कुइरो र शीत दुवै हुँदैन।<br>C. बिहानीपखमा कुइरो र घाम दुवै हुन्छ।<br>D. बिहानीपखमा घाम र शीत दुवै हुन्छ। | |
| **vii** | कविले किन हेमन्तलाई '**मैलो दुर्गुणको थैलो**' भनेका हुन् ?<br>A. दुर्गुणी मानिसहरू बढ़ेकाले।<br>B. तुषारो र कुइरोले नढाकेर जाड़ो बढ़ेकाले।<br>C. तुषारो र कुइरोले नढाकेर गर्मी बढ़ेकाले।<br>D. तुषारो र कुइरोले ढाकेर जाड़ो भएकाले। | |
| **viii** | **'पहिले कुइरो बस्छ तन्केको पगरी-सरी॥'**<br>यस वाक्यमा प्रयोग गरिएको '**पगरी**'-शब्दको अर्थ के हो ?<br>A. साड़ी।<br>B. टोपी।<br>C. पटुका। | |

| | | |
|---|---|---|
| | D. फेटा। | |
| | **भाग – दुई**<br>**वर्णनात्मक प्रश्नहरू** | |
| 3 | **निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस्।** | 2x5=10 |
| i | **" म एकलो फिट्टो, उ पनि एकली, उसको पनि मऱ्यो, मेरो पनि मऱ्यो,बालबच्चा छैन दुवैको. अन्त हामीलाई घरजम गर्दा केले थुन्छ ?"**<br>- उक्त वाक्यमा '**उसको पनि मऱ्यो, मेरो पनि मऱ्यो**' भन्नाले कस-कसको को-को मरेको कुरा गरिएको छ ? | |
| ii | धने कसको लोग्नेको हो ? उ मेकी कमानमा के काम गर्थ्यो ? | |
| iii | जुनेली रेखा उपन्यासमा को हट्टाबाहर भएको थियो ? किन ? | |
| iv | जूनलाई ढाक्ने कालो मेघ हटेको दृश्यले मालिनीलाई के प्रेरणा दियो ? | |
| v | जसे हट्टाबाहार भएपछि के-के गरेर पेट पालो गऱ्यो ? | |
| 4 | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | 2x3=6 |
| i | लेखनाथ पौड्याालको 'पिंजराको सुगा' कविताको विशेषता के छ ? | |
| ii | 'इस्सोर' शीर्षक भएको कविता कसले कति वर्षको उमेरमा रचेका थिए ? | |
| iii | 'पारिजात'-को न्वारनको नाम के हो ? उनको जन्म भारतको कुन ठाउँमा भएको हो ? | |
| | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| 5 | "मलाई एउटा कुराको तपाईंले मद्दत गर्नुपऱ्यो, आफ्नो व्यथालाई जाहेर नगरीकन बोकिरहनु झन् व्यथालाई गह्रौँ गर्नु देखेँ, कसैलाई पनि नभनिकन आफ्नो भलाद्मीपनलाई तपाईँले रक्षा गर्नुहोला भन्ने म चाहन्छु।"<br>उक्त गद्यांशमा कसले कोसँग मद्दत माग्दै गरेको अवस्था छ ? | 2 |
| 6 | उज्यालीलाई केको मद्दत चाहिएको छ ? | 2 |
| 7 | रानुका अनुसार विमलको भित्री रूप कस्तो थियो ? | 2 |
| 8 | रानुको बाहिरी रूप र भित्री रूपमा के फरक छ ?<br>**अथवा**<br>"परार्थद्वारा स्वार्थ पटाउनु उत्तम" भनेको के हो ? | 3 |
| 9 | 'त्यो फेरि फर्कला ?' कथाकी पात्रा सानीले दीर्घ कालसम्म यात्रीको प्रतीक्षा गरेर बस्नु कतिसम्म ठीक थियो ? आफ्नो विचार लेख्नुहोस्। | 3 |
| | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| 10 | "सयपत्री फूल र नेपाली जातिमा के समानता छ ? | 2 |
| 11 | निबन्धकारले सयपत्री फूललाई के-केसँग तुलना गरेका छन् ? | 2 |
| 12 | लक्ष्मीप्रसाद देवकोटाले 'हाइ हाइ अंग्रेजी' निबन्धमा नेपाली जगतमा नवयुग ल्याउन के-के सुधार गर्नुपर्छ भनेका छन् ? | 4 |
| | **निम्न प्रश्नहरूका संक्षेपमा उत्तर लेख्नुहोस्।** | |
| 13 | बन्दिनी एकाङ्की नाटकले के सन्देश दिन चाहेको छ ? | 2 |
| 14 | साधारण अर्थमा नाटक भनेको के हो ? | 3 |
| 15 | '**नाटकको सफलता- असफलताको लेखाजोखा नाटक मञ्चनपछि मात्र हुन्छ।**'यस कथनबाट रामकृष्ण शर्माले के प्रष्ट पार्न खोजेका हुन् ? | 3 |
| 16 | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |

| | | |
|---|---|---|
| i | नेपाली भाषालाई कुन-कुन नामले जानिन्छ? | 2 |
| ii | एक समयमा नेपाली भाषालाई किन खस भाषा भनिन्थ्यो ? | 2 |
| iii | तीन घुम्ती र शिरीषको फूल उपन्यास कस-कसले लेखेका हुन् ? | 2 |
| 17 | तल दिइएको **कुनै एक** विषयमा लगभग १५० शब्दहरूको निबन्ध लेख्नुहोस् ।<br>• विज्ञानको चमत्कार।<br>• भारत: अनेकतामा एकताको प्रतीक ।<br>• जैविक खेती उत्तम, पेशा । | 5 |
| 18 | चलभाष (मोबाइल फोन)-को सदुपयोग गर्ने उपदेश दिँदै दिल्लीमा बसेर पढ्ने भाइलाई पत्र लेख्नुहोस् ।<br>**अथवा**<br>आफ्नो जमीनमा भएको सखुवाको रूख काट्ने अनुमति माग्दै, क्षेत्रीय अधिकारी, वन-जंगल विभागलाई एउटा निवेदन पत्र लेख्नुहोस्। | 5 |